**आकाशवाणी**

**22ND of March 2026**

**मुख्य समाचार :-**

1. **व्यावसायिक एलपीजी आपूर्ति वृद्धि, सरकारद्वारा अभाव नहुने आश्वासन**
2. **निर्वाचित सरकार प्रमुखको रूपमा प्रधानमन्त्री मोदीले तोड्नुभयो सिक्किमका पुर्व मुख्यमन्त्री श्री चामलिङको रेकर्ड**
3. **नयाँ दिल्लीमा आयोजित Bharat Electricity Summit 2026 समापन**
4. **योग र आयुर्वेदलाई वैकल्पिक होइन, मुख्य चिकित्सा प्रणालीका रूपमा लिनुपर्ने उपराष्ट्रपतिको भनाइ**
5. **रूस र अमेरिका बाट इन्धन बोकेका जहाज भारतका बन्दरगाहमा पुगे**

**व्यावसायिक एलपीजी आपूर्ति वृद्धि, सरकारद्वारा अभाव नहुने आश्वासन**

सरकारले राज्यहरूलाई व्यावसायिक एलपीजीको थप 20 प्रतिशत कोटा बढाएर अब कुल 50 प्रतिशतसम्म पुऱ्याउने स्वीकृति दिएको छ। यसमा पीएनजी विस्तारलाई सहज बनाउने सुधारका आधारमा थप 10 प्रतिशत हिस्सा पनि समावेश गरिएको छ। यो अतिरिक्त आपूर्ति रेस्टुरेन्ट, ढाबा, होटल, औद्योगिक क्यान्टिन, डेरी, अनुदान प्राप्त क्यान्टिन तथा राज्य वा स्थानीय निकायद्वारा सञ्चालित अन्य क्षेत्रमा प्राथमिकताका आधारमा वितरण गरिनेछ।

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयका सचिव Neeraj Mittal ले सबै राज्य र केन्द्रशासित प्रदेशका मुख्य सचिवहरूलाई यो व्यवस्था सोमबारदेखि लागू हुने जानकारी दिनुभएको छ। उहाले व्यावसायिक तथा औद्योगिक एलपीजी उपभोक्ताहरूले तेल विपणन कम्पनीहरूसँग दर्ता गरेपछि मात्र 50 प्रतिशत कोटाअन्तर्गत ग्यास प्राप्त गर्न सक्ने बताएका छन्।

सरकारले पेट्रोल, डिजेल र एलपीजीको कुनै अभाव नभएको स्पष्ट पार्दै West Asia मा बढ्दो तनावका बीच नागरिकहरूलाई नआत्तिन आग्रह गरेको छ। मन्त्रालयका अनुसार रिफाइनरीहरूमा घरेलु एलपीजी उत्पादन बढाइएको छ र शहरी ग्यास वितरण एजेन्सीहरूलाई व्यावसायिक प्रतिष्ठानका लागि पीएनजी जडानलाई प्राथमिकता दिन निर्देशन दिइएको छ। प्रमुख सहरहरूमा रहेका एलपीजी उपभोक्ताहरूलाई पनि पीएनजीतर्फ आकर्षित हुन सुझाव दिइएको छ।

सरकारले राज्यहरूलाई जमाखोरी र कालोबजारी विरुद्ध कडा कारबाही गर्न निर्देशन दिएको छ। एलपीजीको अवैध भण्डारण र कालोबजारी नियन्त्रण गर्न विभिन्न स्थानमा अनुगमन तथा छापा मार्ने कार्य जारी रहेको मन्त्रालयले जनाएको छ।

यसैबीच, पोत, जलमार्ग तथा जलपरिवहन मन्त्रालयले जहाज सञ्चालन, भारतीय नाविकहरूको सुरक्षा र समुद्री व्यापारको निरन्तरतामा कडा निगरानी राखिएको जनाएको छ। मन्त्रालयका अनुसार क्षेत्रका सबै भारतीय नाविक सुरक्षित छन् र पछिल्लो २४ घण्टामा कुनै अप्रिय घटना दर्ता भएको छैन। पश्चिमी फारस खाडी क्षेत्रमा भारतीय झण्डावाहक 22 जहाज र 611 जना भारतीय नाविक कार्यरत रहेका छन्।

मन्त्रालयले हालसम्म  भन्दा बढी भारतीय नाविकलाई सुरक्षित रूपमा स्वदेश फर्काइएको जानकारी दिएको छ। विदेश मंत्रालयले पश्चिम एसियामा रहेका भारतीयहरूको सुरक्षाका लागि निरन्तर प्रयास भइरहेको जनाएको छ। भारतीय दूतावासहरू चौबीसै घण्टा सक्रिय रहँदै नागरिकहरूलाई यात्रा, सुरक्षा तथा आकस्मिक सहायता उपलब्ध गराइरहेका छन्। मन्त्रालयका अनुसार फेब्रुअरीको अन्त्यदेखि अहिलेसम्म करिब 3 लाख 30 हजार भारतीय स्वदेश फर्किसकेका छन्।

**निर्वाचित सरकार प्रमुखको रूपमा प्रधानमन्त्री मोदीले तोड्नुभयो सिक्किमका पुर्व मुख्यमन्त्री श्री चामलिङको रेकर्ड**

प्रधानमन्त्री **Narendra Modi** देशमा कुनै निर्वाचित सरकारको सबैभन्दा लामो समयसम्म नेतृत्व गर्ने शासन प्रमुख बन्नुभएको छ। उहाले **Gujarat** का मुख्यमन्त्री र भारतका प्रधानमन्त्रीको रूपमा संयुक्त रूपमा **8** हजार **931** दिनको कार्यकाल पूरा गर्नुभएको छ। यसअघि **Pawan Kumar Chamling** ले **Sikkim** का मुख्यमन्त्रीको रूपमा **8** हजार **930** दिन सेवा दिनुभएको थियो।

आफ्नो लामो राजनीतिक यात्रामा श्री मोदीले अन्य धेरै कीर्तिमान पनि कायम गर्नुभएको छ। उहा सबैभन्दा लामो समयसम्म गुजरातका मुख्यमन्त्री रहने र प्रधानमन्त्री बन्नु अघि सबैभन्दा लामो समय मुख्यमन्त्री रहने नेताको रूपमा परिचित हुनुहुन्छ। साथै, उहा स्वतन्त्रता पछि जन्मिएका भारतका पहिलो प्रधानमन्त्री हुनुहुन्छ र लगातार तीन पटक लोकसभा चुनाव जित्ने पहिलो गैर–कांग्रेसी नेता पनि हुनुहुन्छ।

सामाजिक सञ्जालमा पनि श्री मोदीको प्रभाव अत्यन्तै ठूलो छ। यस आवसरमा उहिलाई रक्षा मन्त्री **Rajnath Singh** अनि गृहमन्त्री **Amit Shah** ले बधाई दिनुभएको छ। सामाजिक सञ्जालमा गरिएको पोस्टमा **Rajnath Singh**-ले भन्नुभएको छ प्रधानमन्त्री मोदीको राष्ट्र र जनताप्रतिको निष्ठा नै उहाको पहिचान भएको बताउनु भएको छ। उहाले गुजरातका मुख्यमन्त्रीदेखि प्रधानमन्त्रीसम्मको भूमिकामा श्री मोदीको समर्पित नेतृत्व सेवा र समर्पणको निरन्तर यात्रा भएको उल्लेख गर्नुभयो।

यसैगरी, गृहमन्त्री **Amit Shah** ले प्रधानमन्त्री मोदी सेवा, कठोर मेहनत र अटुट प्रतिबद्धताका कारण देशमा सबैभन्दा लामो समयसम्म कार्य गर्ने सरकारका प्रमुख बनेको बताउनुभएको छ। उहाले श्री मोदीको सम्पूर्ण कार्यकाल "राष्ट्र पहिलो" को भावनामा आधारित, कार्यमा इमानदारी र प्रत्येक नागरिकप्रति अथक सेवाको गहिरो समर्पणको प्रतीक भएको उल्लेख गर्नुभयो।

**नयाँ दिल्लीमा आयोजित Bharat Electricity Summit 2026 समापन**

केन्द्रीय ऊर्जा मन्त्री **Manohar Lal Khattar** ले विद्युतलाई आधारभूत आवश्यकता भएको बताउँदै आम नागरिकसम्म सस्तो र सहज रूपमा बिजुली पहुँच सुनिश्चित गर्नु अत्यन्त जरुरी रहेको बताउनुभएको छ।

नयाँ दिल्लीमा आयोजित **Bharat Electricity Summit 2026** को समापन सत्रलाई सम्बोधन गर्दै उहाले 'सौभाग्य योजना' र 'पीएम सूर्य घर' जस्ता योजनामार्फत देशका दुर्गम तथा सीमावर्ती क्षेत्रसम्म समेत विद्युत सेवा विस्तार भइसकेको जानकारी दिनुभयो।

उहाले यस शिखर सम्मेलनले नीति निर्माता, उद्योगी, लगानीकर्ता तथा नवप्रवर्तकहरूलाई एउटै मञ्चमा ल्याएर ऊर्जा क्षेत्रसँग सम्बन्धित महत्वपूर्ण विषयहरूमा विचार-विमर्श गर्ने अवसर प्रदान गरेको बताउनुभयो।

मन्त्री खट्टरले अर्को शिखर सम्मेलन **2028** मा **Gandhinagar, Gujarat** मा आयोजना गरिने घोषणा पनि गर्नुभयो।।

उहाले स्टार्टअपहरूले नवप्रवर्तन प्रवर्द्धन गर्दै अर्थतन्त्र सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलिरहेकोमा पनि जोड दिनुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**शीर्षक: योग र आयुर्वेदलाई वैकल्पिक होइन, मुख्य चिकित्सा प्रणालीका रूपमा लिनुपर्ने उपराष्ट्रपतिको भनाइ**

उपराष्ट्रपति **C. P. Radhakrishnan** ले आज योग र आयुर्वेद जस्ता देशका परम्परागत चिकित्सा प्रणालीहरूले विश्वव्यापी मान्यता प्राप्त गरिसकेको भन्दै यसलाई वैकल्पिक रूपमा मात्र नहेर्नुपर्ने बताउनु भएको छ। उहाले यस्ता प्रणालीहरूले शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धनमा महत्वपूर्ण योगदान दिने उल्लेख गर्नुभयो।

**Pune, Maharashtra** अन्तर्गत उरुली कांचनस्थित प्राकृतिक चिकित्सा ग्राम सुधार ट्रस्टद्वारा सञ्चालित एक प्राकृतिक चिकित्सा आश्रमको 81औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उपराष्ट्रपतिले प्राकृतिक जीवनशैली अपनाउन र प्रकृतिसँग नजिक रहन सबैलाई आग्रह गर्नुभयो।

उहाले प्राकृतिक चिकित्सा दर्शनको सन्दर्भ दिँदै **Mahatma Gandhi** ले करिब 80 वर्षअघि प्राकृतिक चिकित्सा केन्द्रमार्फत यस विचारलाई प्रवर्द्धन गरेको स्मरण गर्नुभयो।

उपराष्ट्रपतिले खानपानको बानीमा आएको परिवर्तन तथा एलोप्याथिक औषधिमा अत्यधिक निर्भरताका नकारात्मक असरहरूबारे चर्चा गर्दै प्राकृतिक उपचार पद्धति अपनाउनु आवश्यक रहेकोमा जोड दिनुभयो। साथै, **Narendra Modi** नेतृत्वको सरकारले परम्परागत चिकित्सा प्रणालीलाई प्रवर्द्धन गर्न आयुष मन्त्रालयलाई सुदृढ बनाएको पनि बताउनुभयो।

**शीर्षक: रूस र अमेरिका बाट इन्धन बोकेका जहाज भारतका बन्दरगाहमा पुगे**

रूसबाट कच्चा तेल बोकेको 'एक्वा टाइटन' नामक जहाज **Mangaluru, Karnataka** स्थित बन्दरगाहमा पुगेको छ। विश्वव्यापी इन्धन मूल्य स्थिर राख्ने उद्देश्यले **United States** ले समुद्रमा रोकिएको रूसी कच्चा तेलको बिक्रीलाई अनुमति दिएको थियो। यसैगरी,

अमेरिकाबाट एलपीजी बोकेको 'पाइक्सिस पायोनियर' नामक अर्को जहाज पनि मंगलुरु बन्दरगाहमा आइपुगेको छ। यस हप्ताको सुरुवातमा **Strait of Hormuz** हुँदै भारतीय झण्डावाहक एलपीजी ट्यांकर 'नन्दा देवी' **Vadinar, Gujarat** स्थित बन्दरगाहमा पुगेको थियो भने 'शिवालिक' ट्यांकर **Mundra** बन्दरगाहमा पुगेको थियो।

**शीर्षक: विभिन्न राज्यहरूमा विधानसभा निर्वाचन तालिका सार्वजनिक, मतगणना मे ४ मा**

Assam, Kerala र Puducherry मा हुने विधानसभा निर्वाचनका लागि उम्मेदवारी मनोनयन दर्ता गर्ने प्रक्रिया भोलि साँझ समाप्त हुने भएको छ। यी दुई राज्य र केन्द्रशासित प्रदेशमा मतदान अर्को महिनाको 9 तारिखमा एकै चरणमा हुने तय गरिएको छ। मनोनयन पत्रहरूको जाँच मंगलबार हुनेछ भने उम्मेदवारहरूले 26 मार्च सम्म आफ्नो नाम फिर्ता लिन सक्नेछन्।

यसैगरी, Tamil Nadu विधानसभा निर्वाचन एकै चरणमा अप्रिल 23 मा हुने छ। पश्चिम बंगालमा भने दुई चरणमा—अप्रिल 23 र 29 मा मतदान गरिनेछ। तमिलनाडु र पश्चिम बंगालमा पहिलो चरणको निर्वाचनका लागि अधिसूचना यसै महिनाको 30 तारिखमा जारी गरिनेछ भने पश्चिम बंगालको दोस्रो चरणको मतदानका लागि अधिसूचना अप्रिल 2 मा सार्वजनिक गरिनेछ।

यी सबै चार राज्य र केन्द्रशासित प्रदेश पुदुचेरीमा सम्पन्न हुने निर्वाचनको मतगणना मे 4 तारिखमा गरिनेछ।

**मुख्य समाचार फेरि एकपल्ट**

6. **व्यावसायिक एलपीजी आपूर्ति वृद्धि, सरकारद्वारा अभाव नहुने आश्वासन**
7. **निर्वाचित सरकार प्रमुखको रूपमा प्रधानमन्त्री मोदीले तोड्नुभयो  सिक्किमका पुर्व मुख्यमन्त्री चामलिङको रेकर्ड**
8. **नयाँ दिल्लीमा आयोजित Bharat Electricity Summit 2026 समापन**
9. **योग र आयुर्वेदलाई वैकल्पिक होइन, मुख्य चिकित्सा प्रणालीका रूपमा लिनुपर्ने उपराष्ट्रपतिको भनाइ**
10. **रूस र अमेरिका बाट इन्धन बोकेका जहाज भारतका बन्दरगाहमा पुगे**

***आकासवाणीबाट सुन्दै हुनुहुन्थयो समाचार पुरा भयो***